# लेखक परिचय

**कृष्णराज सर्वहारी** स्वतन्त्र पत्रकार हुन्। उनले थारू पत्रकारिताका विभिन्न पक्षबारे खोज अनुसन्धान गर्दै आएका छन्।

**कोमल भट्ट** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा मिडियासम्बन्धी तीनओटा र सह-लेखनमा एउटा पुस्तक प्रकाशित छन्। उनी *मिडिया अध्ययन* जर्नलका पनि सह-सम्पादक हुन्।

**गुणाकर अर्याल** पाल्पास्थित रेडियो मदनपोखराका स्टेसन म्यानेजर हुन्।

**गोपाल गुरागाईं** उज्यालो ९० नेटवर्कका प्रबन्ध निर्देशक साथै तरङ्ग पोखरा र सप्तकोशी एफएम (इटहरी) का प्रवर्द्धक हुन्। गुरागाईंको सह-लेखनमा *नेपालमा एफएम रेडियो : स्थिति र प्रवृत्ति* (सन् २००५) प्रकाशित छ।

**जेबी विश्वकर्मा** जागरण मिडिया सेन्टरको कार्य समितिका सदस्य हुन्। दलित र मिडियाबारे अनुसन्धान गर्दै आएका विश्वकर्मा *कट्वाल रेडियो पत्रिका*का कार्यक्रम संयोजक पनि हुन्।

**देवराज हुमागाईं** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा मिडियासम्बन्धी चारओटा र सह-लेखनमा एउटा पुस्तक प्रकाशित छन्। उनी *मिडिया अध्ययन* जर्नलका पनि सह-सम्पादक हुन्।

**धीरेन्द्र प्रेमर्षि** कान्तिपुर एफएममा *हेल्लो मिथिला;* नेपाल एफएममा *आवाज* तथा नेपाल वन टेलिभिजनमा *राम्रो कस्तो राम्रो* कार्यक्रम सञ्चालन गर्छन्। उनी संस्कार मिथिलाका अध्यक्ष तथा सिस्नुपानी नेपालका उपाध्यक्ष हुन्।

**पवनप्रकाश उप्रेती** इक्वेल एक्सेस नेपालका प्राविधिक संयोजक हुन्। प्रसारणका प्रविधिबारेमा रुचि राख्ने उप्रतीले इक्वेल एक्सेसमा रहेर रेडियो श्रोता सर्वेक्षण तथा डिजिटल रेडियो सिग्नल म्यापिङ्सम्बन्धी जिम्मेवारी सम्हाल्दै आएका छन्।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* तथा *मिडिया अध्ययन* जर्नलका सह-सम्पादक वन्तका नेपाली मिडिया र अन्य विधासँग सम्बन्धित डेढ दर्जनजति पुस्तक प्रकाशित छन्।

**माधब कुमार बस्नेत** अधिवक्ता हुन्। उनले विगत केही वर्षदेखि कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसनमा मिडिया ल को प्राध्यापन गर्दै आएका छन्।

**विनय गुरागाईं** इक्वेल एक्सेसमा कार्यक्रम निर्माताका रूपमा कार्यरत छन्। गुरागाईंले विगतमा सोलु एफएम (सोलुखुम्बु) मा स्टेसन म्यानेजर तथा सप्तकोशी एफएम (इटहरी) मा कार्यक्रम संयोजकका रूपमा काम गरेका छन्।

**हरिकला अधिकारी** *गोरखापत्र* दैनिकमा कार्यरत पत्रकार हुन्। उनको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) प्रकाशित छ।